# उत्तरगया क्षेत्रविकास कोष ऐन, २०८०

रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. ५, बेत्रावतीस्थित श्रीरामचन्द्रको मन्दिर, उक्त मन्दिरको पश्चिमतर्फ रहेको त्रिशुली नदी र बेत्रगंगाको सङ्गमस्थल र मरणघाट लगायत आसपासको सम्पूर्ण उत्तरगयाक्षेत्रको संरक्षण, विकास र प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा ५७(४),(५), र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उप-दफा (१) बमोजिम उत्तरगया गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम "उत्तरगया क्षेत्र विकास कोष ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यो ऐनमा–

क) "उत्तरगया क्षेत्र" भन्नाले रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. ५, बेत्रावतीस्थित श्रीरामचन्द्रको मन्दिर, उक्त मन्दिरको पश्चिमतर्फ रहेको त्रिशुली नदी र बेत्रगङ्गाको सङ्गमस्थल र हिन्दूहरुको मरणघाट लगायत उत्तरगया गाउँपालिकाले समय समयमा सूचना प्रकाशन गरी तोकिदिएको सीमानाभित्र साथै नुवाकोट जिल्लाको वडा नं ७ को तुप्चे र वडा नं १० को बेत्रावतीक्षेत्रलाई जनाउनेछ ।

ख) "कोष" भन्नाले यसै ऐनको दफा ३ बमोजिम स्थापना भएको कोषलाई जनाउनेछ ।

ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्षलाई जनाउनेछ ।

घ) "अधिकृत" भन्नाले यसै ऐनको दफा ४ बमोजिम उत्तरगया गाउँपालिकाले खटाएको कर्मचारीलाई जनाउने छ ।

ङ) "वडा अध्यक्ष" भन्नाले उत्तरगया गाउँपालिकाको ५ नं. वडाको वडा अध्यक्ष वा निजको काम गर्ने व्यक्तिलाई जनाउने छ ।

च) "योजना" भन्नाले उत्तरगया क्षेत्र विकास योजनालाई जनाउनेछ ।

छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा कार्यविधिमा तोकिएको कुरालाई जनाउनेछ ।

३. कोषको स्थापना:(१) उत्तरगया क्षेत्रको आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक विकासको लागि उत्तरगया क्षेत्र विकास कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) यो कोष मुनाफा नकमाउने एक संस्था हुनेछ ।

(३) कोषको सबै काम कारबाहीको निमित्त आफ्नो नामाङ्कित एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न सक्नेछ र अचल सम्पत्ति बाहेक बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) कोषले आफ्नो नामबाट नालिस उजूर गर्न र कोषको नाममा पनि नालिस उजूर लाग्न सक्नेछ ।

(६) कोषको कार्यालय उत्तरगया क्षेत्र वा आसपासमा रहनेछ ।

४. कोषको गठन:(१) कोष सञ्चालन गर्नेगरी देहाय बमोजिमका पदाधिकारी एवं सदस्यहरु रहेको उत्तरगया क्षेत्र विकास समिति रहनेछ–

क) उत्तरगयाक्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनमा योगदान पुऱ्याएको सो क्षेत्रप्रति आस्था राख्ने सोही वडाको स्थानीय बासिन्दा मध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -अध्यक्ष

ख) उत्तरगया क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनमा योगदान पुऱ्याएको गाउँपालिकाभित्रको व्यक्तिहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -उपाध्यक्ष

ग) उत्तरगया क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनमा योगदान पुऱ्योएको वडा नं. ५ का स्थानीय व्यक्तिहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -कोषाध्यक्ष

घ) वडा अध्यक्ष ( उत्तरगया गा.पा. वडा नं. ५, विदुर नगरपालिका ७ र विदुर नगरपालिका १०) -पदेनसदस्य

ङ) स्थानीय श्रीरामचन्द्र गुठीको जग्गाका मोहीहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -सदस्य

च) स्थानीय बौद्ध धर्मावलम्बीहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -सदस्य

छ) वेद, पुराणका अनुयायी स्थानीय पण्डित, पुरोहितहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -सदस्य

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

ज) उत्तरगया क्षेत्रसँग सिमाना जोडिएको नुवाकोट जिल्लाका स्थानीय भद्रभलाद्मीहरुमध्येबाट उत्तरगया गाउँपालिकाले मनोनयन गरेको एक जना व्यक्ति -सदस्य

झ) स्थानीय समाजसेवी, धर्मप्रति आस्था राख्नेमध्येबाट समितिले मनोनयन गरेको स्थानीय महिलाहरु २ जना -सदस्य

झ) उत्तरगया गाउँपालिकाले खटाएको एक जना अधिकृत कर्मचारी -सदस्य सचिव ।

(२) कोषका पदाधिकारी र सदस्यहरुको कार्यकाल बढीमा पाँच वर्षको हुनेछ ।

तर, पदेन सदस्यको हकमा जुन मितिबाट वडा अध्यक्षको पद समाप्त हुन्छ सोही मितिबाट निजको कोषको सदस्यता पनि स्वतः समाप्त हुनेछ र गुठीको मोहीको नाताले सदस्य मनोनित भएको व्यक्तिको हकमा निजको मोहियानी समाप्त भएमा वा निज मोही नरहेमा कोषमा रहेको निजको सदस्यता पनि स्वतः समाप्त हुनेछ ।

५. <u>कोषको पदाधिकारी वा सदस्य हुनको लागि अयोग्यताः</u> देहाय बमोजिमको मानिस कोषको पदाधिकारी वा सदस्यामा मनोनित हुन अयोग्य हुनेछन् –

क) अध्यक्षको हकमा ४५ वर्ष र पदेन सदस्य बाहेक अन्य सदस्यको हकमा ३० वर्ष उमेर पूरा नगरेको व्यक्ति वा

ख) गैरनेपाली नागरिक वा

ग) मगज बिग्रिएको वा मनोचिकित्सकको सल्लाह बमोजिम मानसिक रोगको औषधी सेवन गरेको वा गरिरहेको व्यक्ति वा

घ) नेपालको कुनै पनि अदालतबाट फौज्दारी कसूरको मुद्दामा दोषी ठहर भएको व्यक्ति वा

ङ) आत्महत्याको प्रयाश गरेको व्यक्ति वा

च) उत्तरगया क्षेत्रको विकास निर्माण अन्तर्गत कुनै कामको ठेक्का पट्टा गरेको वा गरिरहेको व्यक्ति वा निजको एकाघरको सदस्य वा

छ) उत्तरगया क्षेत्र कोषसँग कुनै लेनदेन हिसाब किताब बाँकी रहेको व्यक्ति वा निजको एकाघरको सदस्य वा

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

ज) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा पूर्ण या आंशिक सरकारी स्वामित्वको कुनै संस्थासँग रकम बेरुजू रहेको व्यक्ति ।

६. पदको समाप्तिः देहायको अवस्थामा कोषका पदाधिकारी एवं सदस्यको पद समाप्त हुनेछ–

क) निजको कार्यकाल समाप्त भएमा वा

ख) निजको मृत्यु भएमा वा

ग) निज दफा ५ बमोजिम अयोग्य हुन गएमा वा

घ) पदेन सदस्य बाहेक अन्यले आफूलाई मनोनित गर्ने अधिकारी समक्ष लिखित राजिनामा दिई उक्त राजिनामा स्वीकृत भएमा वा

ङ) उत्तरगया गाउँकार्यपालिको कम्तिमा दुई तिहाई मतले निजलाई पदबाट हटाउने निर्णय गरेमा ।

७. कोषको उद्देश्यः (१) उत्तरगया क्षेत्र विकासको एक गुरुयोजना बनाई यस क्षेत्रलाई एक विशिष्ट धार्मिक र पर्यटकीय स्थलको रुपमा विकसित गरी देशविदेशमा यसलाई परिचित गर्नु कोषको दीर्घकालीन उद्देश्य हुनेछ ।

(२) उत्तरगया क्षेत्रको समग्र आध्यात्मिक, भौतिक, प्राकृतिक र पर्यटकीय पक्षको नियमित संरक्षण, सबर्द्धन र व्यवस्थापन गर्नु कोषको तत्कालिन उद्देश्य हुनेछ ।

८. कोषको स्वामित्व र अधिकारः (१) संघीय कानूनले नेपाल सरकारको अधिकार हुनेमा बाहेक यो ऐन लागु भएपछि उत्तरगया क्षेत्रमा रहेको श्रीरामचन्द्रको मन्दिर, सोको आसपास वरिपरी रहेको हिन्दू देवीदेवताको मन्दिर, मूर्ति, बौद्ध गुम्बा, प्रतीमा लगायत यो क्षेत्रभित्र पर्ने तीर्थ, मरणघाट, सङ्गम, दोभान, पाटी, पौवा, नदी, तलाउ, सिमसार, रामसार सहित प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा पर्यटकीय सम्पदा लगायतका चल, अचल, भौतिक, अभौतिक सम्पूर्ण सम्पत्तिमा स्वतः कोषको स्वामित्व कायम हुनेछ ।

(२) दफा ७ बमोजिमको उद्देश्य प्राप्त गर्न कोषलाई देहाय बमोजिमको अधिकार हुनेछ –

क) उत्तरगया क्षेत्र हिन्दू धर्मावलम्बीहरुको उपासना केन्द्र र सनातन तीर्थस्थल हुनुका साथै बैद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र र पवित्र तीर्थस्थल भएकोले यस उत्तरगया क्षेत्रलाई सोही बमोजिम कायम गर्ने गराउने,

ख) उत्तरगया क्षेत्रमा रहेको श्रीरामचन्द्रको मन्दिर, सोको आसपासवरिपरी रहेको हिन्दू देवीदेवताको मन्दिर, मूर्ति, बौद्ध गुम्बा, प्रतीमा लगायत यो

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

क्षेत्रभित्र पर्ने तीर्थ, मरणघाट, सङ्गम, दोभान, पाटी, पौवा, नदी, तलाउ, सिमसार, रामसार सहित प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पर्यटकीय महत्वका स्थल, वस्तु, जात्रा, पर्वको संरक्षण, व्यवस्थापन तथा सम्बर्द्धन गर्ने,

ग) उत्तरगया क्षेत्रमा रहेको श्रीरामचन्द्रमन्दिरको नित्य वा विशेष पूजा तथा चल, अचल, श्रीसम्पत्तिको व्यवस्थापन, संरक्षण तथा सम्बर्द्धन गर्ने,

घ) उत्तरगया क्षेत्रमा रहेको श्रीरामचन्द्रमन्दिरसँग सम्बन्धित गुठीको जग्गाको मोहीहरुसँग उक्त मन्दिरले पाउने नगद वा जिन्सी आयस्ता लिई आम्दानी बाँध्ने र उक्त मन्दिरमा वेद, पुराणको अनुयायी पूजारीको व्यवस्था गर्ने गराउने,

ङ) उत्तरगया क्षेत्रभित्र निर्माण गरिने निजी, सार्वजनिक वा सरकारी जुनसुकै घर, भवन, आवास, पाटी, पौवा, बिहार, मण्डला आदिको निर्माण गर्दा ती भवन आदिमा सांस्कृतिक झल्को आउने गरी मापदण्ड बनाई लागु गर्ने,

च) खण्ड (ङ) बमोजिम निमार्णपूर्व सोको प्रस्तावित नक्सा स्वीकृत गरी निर्माण अनुमति दिने,

छ) प्रचलित कानूनको अधिनमा रही विभिन्न दस्तूर, बहाल, शूल्क, महशूल आदि लिने र

ज) उत्तरगया क्षेत्रको वृहत्तर हितको लागि गुरुयोजना बनाई सो बमोजिम काम गर्ने गराउने ।

(३)दफा ७ बमोजिमको उद्देश्य हासिल गर्न र यसै दफाको उप-दफा (२) बमोजिमको अधिकार प्राप्त गर्न कोषले आवस्यक अन्य कार्य गर्न सक्नेछ ।

९. कोष र यसका सदस्यहरुको कर्तव्य:

अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यहरुको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

उत्तरगया क्षेत्रको हितमा असल नियतले काम गर्नु कोष र यसका प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

१०. कोषको वैठक: (१) अध्यक्ष वा कोषको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन बमोजिम कोषको सदस्य-सचिवले मिति, स्थान र समय तोकी वैठक बोलाउने छन् ।

(२) कोषको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् । अध्यक्ष र उपाध्यक्ष दुबै जनाको अनुपस्थितिमा बैठक बस्नुपरेमा बैठकमा उपस्थित कोषका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछन् ।

(३) कोषको बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ र आवस्यकता अनुसार जतिसुकै पटक बस्न सक्नेछ ।

(४) कोषको बैठकको सूचना कम्तिमा २४ घण्टा पहिले नै स्थान, मिति र सयम समेत खुलाई प्रत्येक सदस्यलाई दिनुपर्ने छ र मोबाइल फोनबाट सन्देश प्रवाह गरी त्यसतो सूचना दिन सकिने छ ।

(५ कोषको बैठकको निर्णय लेखनको लागि एउटा छुट्टै निर्णयपुस्तिका खडा गरिने छ र सदस्य सचिवले हातले लेखेर वा कम्प्युटरमा टाइप गरी निर्णय लेखबद्ध गर्ने छन्; निर्णय टाइप गरिएकोमा प्रिण्ट गरी निर्णय पुस्तिकामा टाँसी सुरक्षित राखिने छ ।

(६) कोषले सामान्य बहुमतबाट निर्णय पारित गर्ने छ । सदस्यहरुले निर्णय पुस्तिकाको उपस्थिति खण्डमा दस्तखत गर्नुपर्नेछ र अध्यक्षता गर्ने व्यक्तिले निर्णयको बन्द बन्दमा र पुछारमा पनि सही गर्नुपर्नेछ ।

(७) कोषको निर्णय पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(८) कोषको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(९) कोषले गर्ने प्रत्येक काम कोषको बैठकको निर्णयबमोजिम गर्नुपर्नेछ ।

(१०) वैठक सम्बन्धी अन्य आवस्यक कार्यविधि कोष आफैंले निर्धारण गर्न सक्नेछ ।

११. उत्तरगया गाउँपालिका अध्यक्ष यस समितिको संरक्षक रहनेछन् ।

१२. तपशिलका सदस्यहरु रहने गरी एक सल्लाहकार समिति रहनेछ ।

-रसुवा जिल्लाका प्रतिनिधी सभा सदस्य

-रसुवा जिल्लाका प्रदेश सभा सदस्यहरु

-जिल्ला समन्वय समिति रसुवाका प्रमुख

-विदुर नगरपालिका प्रमुख

-कालिका गाउँपालिका रसुवा अध्यक्ष

-नौकुण्ड गाउँपालिका अध्यक्ष

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश नेपाल २०७३

-प्रमुख जिल्ला अधिकारी रसुवा

- उत्तरगया क्षेत्र विकास समितिले सिफारिस गरेको सामाजिक तथा धार्मिक क्षेत्रमा महत्वपूर्ण योगदान गरेको स्थानीय महिला

१३. संरक्षक तथा सल्लाहकार समितिको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१४.. कर्मचारी र परामर्षदाताको व्यवस्था: (१) कोषले आफूलाई आवस्यक परेको कर्मचारी नियुक्त गर्न सक्ने छ । कर्मचारीको पारिश्रमिक र सेवाको शर्त तोकिए बमोजिम हुनेछ ।

(२) कोषले आफूलाई कुनै प्राविधिक विषयमा परामर्शदाताको सहयोग र राय सल्लाहको आवस्यकता परेमा परामर्षदाता नियुक्त गरी वा करारमा राखी सेवा लिन सक्नेछ ।

१५. समिति, उप-समितिहरु बनाउन सक्ने: कोषले विभिन्न समिति, उप-समितिहरु बनाई आफ्नो कार्यसम्पादन गर्न सक्नेछ ।

१६. कोषको बैंक खाता: (१) कोषलाई प्राप्त हुने देहाय बमोजिमको नगद रकम राख्नको लागि नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त कुनै क वर्गको बैंकमा कोषको नाममा एउटा खाता रहनेछ–

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह आदिबाट कोषलाई अनुदान प्राप्त रकम;

(ख) स्वदेशी दाता वा दातृ निकाय, विदेशी सरकार, व्यक्ति वा संघ संस्थाबाट कोषलाई प्राप्त रकम;

(ग) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कोषको आफ्नो अन्य आम्दानीको रकम; र

(घ) कोषको खातामा रकम राखेवापत बैंकले दिने व्याज रकम ।

(२) उप-दफा (१) बमोजिमको खाता अध्यक्ष वा निजले तोकेको कुनै एक जना सदस्य, कोषाध्यक्ष र सदस्य सचिव तिन जनामध्ये कम्तीमा दुई जनाको अनिवार्य दस्तखतबाट सञ्चालन हुनेछ ।

१७. लेखापरीक्षण: प्रचलित कानून र लेखाको मान्य सिद्धान्त बमोजिम कोषले आफ्नो आयव्ययको लेखापरीक्षण गराउने छ । कोषले वार्षिक र विशेष लेखापरीक्षण प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने छ । समितिले वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

१८. <u>नियमावली बनाउन सक्ने</u>: यो ऐनसँग प्रतिकूल नहुने गरी गाउँपालिकाले यस विषयमा नियमावली बनाई जारी गर्न सक्नेछ ।

१९. <u>विनियम र कार्यविधि बनाउन सक्ने</u>: यो ऐन, दफा १५ बमोजिम बनेको नियमावली र प्रचलित कानूनको अधिनमा रही कोषले आवस्यक विनियम र कार्यविधि बनाई लागु गर्न सक्नेछ ।